# सुनछहरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८ सुनछहरी असाढ ,२८ गते, २०८१ साल संख्या २

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा १०२ को उपदफा १ बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-१

## सुनछहरी गाउँपालिकाको आर्थिक ऐन-२०८१

*१६ औ गाउँसभामा पेश भएको मिति: २०८१/०३/०७*
*सभाबाट पारित मिति: २०८१/०३/२८*
*प्रमाणीकरण मिति: २०८१/०३/३०*

**प्रस्तावना: सुनछहरी गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा उल्लेख भएका कराधिकारमा स्थानीय कर तथा शुल्क संकलन गर्ने, कर छुट दिने तथा राजश्व संकलनको प्रशासनिक ब्यबस्था गर्न बाञ्छनीय भएकोले,**

**नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सुनछहरी गाउँपालिकाको मिति २०८१/०३/०६ को निर्णयले गाउँसभामा पेश गरेको छु ।**

**१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम " सुनछहरी गाउँपालिकाको आर्थिक ऐन २०८१" रहेको छ ।**

**२. कर लगाइने क्षेत्र र विषयहरु:**

**क. सम्पत्ति कर- सुनछहरी गाउँपालिकाका क्षेत्र भित्र घर जग्गा कर अनुसुचीमा व्यवस्था भए अनुसार कर लगाईने र असूल उपर गर्न सकिने गरिने छ ।**

**ख. भूमि कर /मालपोत –सुनछहरी गाउँपालिकामा भूमि कर मालपोत कर अनुसुचीमा व्यवस्था भए अनुसार कर लगाईने र असुल उपर गर्न सकिने छ।**

**ग. घर बहाल कर- सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संघ संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिए वाफत कानुन वमोजिम घर जग्गा बहाल कर लगाईने र असुल उपर गर्न सकिने छ।**

**घ. व्यवसाय कर- गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुची वमोजिम व्यवसाय कर लगाईने र असुल उपर गर्न सकिने छ।**

**ङ. जडिबुटी कवाडी र जीवजन्तु कर- सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संघ संस्थाले उन खोटो जडिबुटी बनकस कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तु को हाड सीङ् प्वाँख छाला जस्ता वस्तुको व्यवसायीक कारोबार गरेवापत अनुसुची वमोजिम निकासी कर लगाईने र असुल उपर गर्न सकिने छ।**

**च. सवारी साधन कर - सवारी साधन कर प्रदेश कानुन अनुसार अनुसुची वमोजिम कर लगाईने र असुल उपर गर्ने सकिने छ ।**

**छ. विज्ञापन कर – विज्ञापन कर अनुसुची वमोजिम लगाइने र असुल उपर गर्ने सकिनेछ।**
**ज. मनोरञ्जन कर – मनोरञ्जन कर कानुन वमोजिम लगाइनेछ।**

**झ. बहाल बिटौरी शुल्क – सुनछहरी गाउँपालिका क्षेत्र भित्र आफूले निर्माण रेखदेख वा संचालन गरेका उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क अनुसुची वमोजिम लगाईने र असुल उपर गरिने छ।**

**ञ. पार्किङ शुल्क – सुनछहरी गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत पार्किङ शुल्क अनुसुची वमोजिम लगाईने र असुल उपर गर्न सकिनेछ।**

**ट. ट्रेकिङ्ग कोयोकिङ क्यानोईङ्ग बन्जी जम्पिङ जिपफ्लायर र र्याफ्टीङ शुल्क- सुनछहरी गाउँपालिका आफ्नो क्षेत्र भित्र ट्रेकिङ कायोकिङ क्यानोईङ बन्जी जम्पिङ जिपफ्लायर र र्याफ्टीङ सेवा वा व्यवसाय संचालन गरेवापत अनुसुची वमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ।**

**ठ. सेवा शुल्क दस्तुर – सुनछहरी गाउँपालिका निर्माण संचालन वा व्यवस्थापन गरेका उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीवाट अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क, दस्तुर लगाईने असुल उपर गरिने छ।**

**ड. पर्यटन शुल्क- प्रदेश कानुन अनुसार अनुसुची वमोजिम कर लगाईनेछ।**

**ढ. कर छुट – यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुसूचीमा उल्लेख भए बाहेकलाई कर छुट दिइनेछैन।**

**ण. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी- यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी सुनछहरी गाउँपालिकाले तोके अनुसार हुनेछ।**

**ञ. करका दर र दायराहरु अनुसूची १-१३ सम्ममा उल्लेख गरे बमोजिम हुनेछन्।**

सुनछहरी गाउँपालिका

**अनुसूची-१**

नेपालको संविधान २०७२को धारा २२८ को उपधारा २ अनुसुची ८ बमोजिम यस आ.व. २०८१/०८२ मा सुनछहरी गाउँपालिकाको क्षेत्रमा मालपोत / तथा भुमीकर / जग्गाकर निम्न अनुसार कर लिन सकिनेछ ।

| सि.नं. | मालपोत/भुमीकर/जग्गा कर | करका दरहरु | कैफियत |
|---|---|---|---|
| १. | जग्गा प्रति रोपनी | | |
| | - अब्बल | ३० रुपैया प्रति रोपनी | |
| | - दोयम | २५ रुपैया प्रति रोपनी | |
| | - सिम | २० रुपैया प्रति रोपनी | |
| | - चाहर | १५ रुपैया प्रति रोपनी | |
| २. | फुसको छाना भएको घर प्रति घर | ५० रुपैयाँ प्रति घर | |
| ३. | माटो / ढुंगाको घर प्रति घर | ८० रुपैयाँ प्रति घर | |
| ४ | फल्याकको छाना भएको घर | ६० रुपैयाँ प्रति घर | |
| ५ | टिन/जस्तापाताको घर प्रति घर | ८० रुपैयाँ प्रति घर | |
| ६ | सिमेन्ट /डण्डी तथा ढलान भएको पक्की प्रती तला | १५० रुपैयाँ प्रति घर | |
| ७ | टहरा (काठे तथा टिनको ) | ५० रुपैयाँ प्रति टहरा | |

अनुसूची-२

नेपालको संविधान २०७२  धारा २२८ को उपधारा २ अनुसुचि ८ बमोजिम आ.व. २०८१/०८२ मा गाउँपालिकाका क्षेत्रमा लाग्ने घर बहाल करः सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले दिईएकोमा आर्थिक ऐन नियम बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल उपर गर्न सकिनेछ।

- भाडाको १० प्रतिशत

**अनुसूची-३**

**नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसूची ८ बमोजिम** आ.व. २०८१/०८२ मा **गाउँपालिकाको क्षेत्रमा लाग्ने व्यवसायिक करहरुः**

| सिं. नं. | व्यवसायको कर | करका दरहरु | कैफियत |
|---|---|---|---|
| १. | व्यापार व्यवसाय तर्फ / होटल तथा रेष्टुरेन्ट होमस्टे तथा सम्पुर्ण खुद्रा तथा होलसेल व्यापार व्यवसाय दर्ता तथा नविकरण | • रू ५० हजार भन्दा कम पुजी भएको व्यावसाय दर्ता /नविकरण शुल्क रु १०००/-<br><br>• रू ५०हजार देखी रू १ लाख सम्म पुँजी भएको व्यवसाय दर्ता नविकरण कर रु १५००/-<br>• रू १ लाख देखी रू५ लाख सम्म पुँजी भएको व्यवसाय दर्ता नविकरण कर रु २५००/- | ५ लाख भन्दा माथिको व्यापार व्यवसायहरुको सिफारिस तथा दर्ता गाउँपालिकाबाट गर्ने। |
| २. | उद्योगतर्फ | क.१ लाख सम्मको उधोग दर्ता नविकरणको लागि रू २०००/- ( दुइ हजार रूपैया )<br>ख. रु १ देखि पाँच लाख सम्म उधोग दर्ता नविकरण को रु २५००। | |
| ३. | बैँक तर्फ | | |
| ४. | वाणिज्य बैँक दर्ता नविकरण | १२०००/- | |
| | विकास बैँक दर्ता नविकरण | ९५००/- | |
| ५. | ग.फाईनान्स तथा वित्तिय संस्था दर्ता नविकरण | ७०००/- | |
| ६. | घ.सहकारी /विमा कम्पनी/मनि ट्रान्सफरहरु दर्ता नविकरण | ५०००/- | |
| ७. | मेडिकल /क्लिनिक दर्ता नविकरण | पुँजीको आधारमा<br>क. रु १ लाख देखि ५ लाख सम्मको लागि रू२५००/-<br>ख. रु ५ देखि माथिको रु ५०००। | |
| ८. | ग.कुटानी/पिसानी/पेलानी दर्ता नविकरण<br>प्रति मेशिन | प्रति मेशिन रु.५००/- | पानीबिजुली डिजेलबाट संचालित |

| | | | |
|---|---|---|---|
| ९. | हाते चिरानी मेशिन दर्ता अनुमती नविकरण | रु. १५००/- रुपैयाँ प्रति मेशिन | |
| १०. | टेलर्स पसल दर्ता नविकरण | | |
| | क.चार वा चार भन्दा कम मेसिन भएको पसल | रु. ५००/- | |
| | ख.चार भन्दा बढी मेसीन भएको पसल | रु.१०००/- | |
| ११. | ईन्जिनीयरिङ. कन्सल्टेन्सी सेवा दर्ता नविकरण | रू ५०००/- | |
| १२. | ड्राईभिङ ईन्स्टिच्युट दर्ता नविकरण | रू ५०००/- | |
| १३. | ट्यूसन सेन्टर दर्ता नविकरण | रू ५०००/- | |
| १४. | केवल /ईन्टरनेट दर्ता नविकरण | रू ६०००/- | |
| १५. | निजी विद्यालय तर्फ दर्ता नविकरण | | |
| १६. | क.मा वि स्तर | रू ३०००/- | |
| | ख.आ.वि.स्तर | रू २०००/- | |
| १७. | परामर्श तथा अनुसन्धान तर्फ दर्ता नविकरण | | |
| | क.अनुसन्धान तथा परामर्श सेवा व्यवसाय नविकरण | रू ५०००/- | |
| १८. | घ.वर्गको ठेक्का पट्टा लाईसेन्स | | |
| क) | ‘घ’ वर्गको लाईसेन्स नयाँदर्ता /नवीकरण | रु. १२०००/- | |
| ख) | घ वर्गको लाईसेन्स प्रतिलिपि | रु. ३०००/- | |
| ग) | घ.लाईसेन्स नविकरण विलम्व शुल्क | प्रति महिना ५ प्रतिशतको दरले विलम्ब शुल्क लाग्ने | |
| २१. | हेभि ईक्युपमेन्ट सुचिकृत | | |

| | | | |
|---|---|---|---|
| क) | क.१५०.सिसि क्षमता सम्मको हेभि इक्युपमेन्ट | रु.६०००/- | |
| ख) | ख. १५० देखि २०० सिसि क्षमता सम्मको हेभी इक्युपमेन्ट | रु. ८०००/- | |
| ग) | ग.२०० सिसि क्षमता भन्दा माथि सम्मको हेभि इक्युपमेन्ट | रु. १००००/- | |

सुनछहरी गाउँपालिका

**अनुसूची-४**

**नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसूची ८ बमोजिम** आ.व. २०८१/०८२ मा **गाउँपालिकाका क्षेत्रमा लाग्ने जडीबुटी कवाडी तथा जीवजन्तुकरहरुः निकासा कर-**

| सि.नं | राजश्वका क्षेत्रहरु | करका दरहरु | कैफियत |
|---|---|---|---|
| १ | अल्लो/भागो धागो प्रति के.जी | रु. ५/- | |
| २ | काठ, गोलिया, चिरान क्यु फिट | रु. १०/- | |
| ३ | खोटो प्रति के जी | रु. ५/- | |
| ४ | प्लाष्टिक पदार्थ के जी | रू २५ पैसा | |
| ५ | फलाम तथा धातु सामान के जी | रू.२ रुपैयाँ | |
| ६ | पदमचाल प्रति के जी | रु. ६ रुपैयाँ | |
| ७ | भटमास प्रति के जी | रु. ३ रुपैयाँ | |
| ८ | अलैची प्रति के जी | रु.५ रुपैयाँ | |
| ९ | टिमुर प्रति के जी | रु. ६ रुपैयाँ | |
| १० | पन्यु च्याउ प्रति के जी | रु. २५ रुपैयाँ | |
| ११ | पाखनवेत, तितेपाति, काउलो, तेजपता, , प्रति के जी | रु. ३ रुपैयाँ | |
| १२ | चिराईतो, सोमायो, मलायगिरी प्रति के जी | रु. ५ रुपैयाँ | |
| १३ | मकै/ गहुँ प्रति के जी | रु. ३ रुपैयाँ | |
| १४ | सतुवा प्रति केजी | रु १५ रुपैयाँ | |
| १५ | कोदो प्रति केजी | रु ५ रुपैया | |
| १६ | कागज प्रति केजी | ५० पैसा | |
| १७ | टिनको सामान प्रति केजी | ५० पैसा | |
| १८ | झ्याउ (झुल) प्रति केजी | रु ३ रुपैया | |

## अनुसूची-५

**नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसची ८ बमोजिम गाउँपालिका क्षेत्रमा सवारी साधन कर: आ.व. २०८१/०८२ मा सवारी साधन कर प्रदेश कानुन अनुसार लगाइनेछ।**

**नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुची ८ बमोजिम** आ.व. २०८१/०८२ मा **गाउँपालिका क्षेत्रमा विज्ञापन कर:**

| सि.नं. | विवरण | करका दरहरु | प्रस्टयाइ | कैफियत |
|---|---|---|---|---|
| १ | व्यापारिक विज्ञापनको भित्ते लेखन प्रति वर्ग फिट | रू १०/- | | |
| २ | सरकारी सार्वजनिक स्थल तथा निजी भवनमा राखिने होडीङ वोर्ड प्रति वर्गफिट | रू १०/- | | |
| ३ | टेलिफोन टावर ५० फिट सम्म | वार्षिक रू ५०००/- | | |
| ४ | व्यानर तथा फ्लेक्स प्रिन्ट ५० वर्ग फिट सम्म व्यापारीक विज्ञापन | दैनिक रू २०/- | | |
| ५ | स्टेज प्रोग्राम बाट गरिने विज्ञापन | दैनिक रू ५०००/- | | |

**अनुसूची-६**

**नेपालको संविधानको धारा २२८ को उपधारा २ अनुसुची ८ बमोजिम गाउँपालिका क्षेत्रमा मनोरञ्जन कर**:- आ.व. २०८१/०८२ मा मनोरञ्जन कर प्रदेश कानुन अनुसार लगाइनेछ ।

सुनछहरी गाउँपालिका

**अनुसूची-७**

नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुची ८ बमोजिम गाउँपालिका क्षेत्रमा बहाल विटौरी कर:- आ.व. २०८१/०८२ मा विभिन्न परम्परागत मेला जात्रा तथा हाट बजारका क्रमश गाउँपालिका क्षेत्र भित्र निर्मित स्थलहरुको प्रकृति हेरी मेला अवधिभरका लागि प्रति स्थल वा पसलको लागि रु १०००/- बहाल बिटौरी कर असुल लिइनेछ ।

सुनछहरी गाउँपालिका

**अनुसूची-८**

नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुचि ८ बमोजिम गाउँपालिका क्षेत्रमा पार्किङ शुल्क कर:-पार्किङ शुल्क स्रोत नभएकोले आ.व. २०८१/०८२ मा पार्किङ शुल्क लिइने छैन।

सुनछहरी गाउँपालिका

अनुसूची-९

नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुची ८ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने ट्रेकिङ कायोकिड क्यनोईङ्ग बन्जी जम्पिङ जिपफ्लायर र र्याप्टीङ्ग करः- आ.व. २०८१/०८२ मा सुनछहरी गाउँपालिका आफ्नो क्षेत्र भित्र ट्रेकिङ कायोकिङ बन्जी जम्पिङ जिपफ्लायर सेवा वा व्यवसाय संचालनको लागि प्रदेश कानुन र संघिय कानुन अनुसार लगाईने छ ।

सुनछहरी गाउँपालिका

## अनुसूची-१०

नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा २ अनुसूची ८ बमोजिम आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिका क्षेत्रमा लाग्ने सेवा शुल्क दस्तुर कर:

| क्र स | सेवाको प्रकार | करका दरहरु | कैफियत |
|---|---|---|---|
| १. | मठ मन्दिर, पार्टी, पौवा, द्वन्द पिडित, दैवि प्रकोप, पिडित असहाय, अपाङ्ग, सहिद परिवार, जेष्ठ नागरिक ६० वर्ष भन्दा माथि सिफारिस। | निशुल्क | |
| २. | बकस पत्र /सिफारिस दस्तुर | रु. ५००/- | |
| ३. | शेषपछिको वकसपत्र | रु. ५००/- | |
| ४. | अंशवण्डा भए नभएको सिफारिस दस्तुर | रु. ५००/- | |
| ५. | लेनदेनको लिखत दर्ता शुल्क | रकमको ०.५% | |
| ६. | नाता प्रमाणित सिफारीस दस्तुर | | |
| ७. | क.स्वदेशी नाता प्रमाणित | रू ५००/- | |
| ८. | ख.विदेशी नाता प्रमाणित | रू २०००/- | |
| ९. | ग.अंग्रेजीमा सिफारिस | रू २०००/- | |
| १०. | चार किल्ला/ घरबाटो खुलेको प्रमाणित सिफारिस | | |
| | क.पक्की बाटोले छोएको | रू १०००/- | |
| | ख.कच्ची बाटोले छोएको | रू ५००/- | |
| | ग.सडकले नछोएको | रू ३००/- | |
| ११. | घरको मुल्य कायम( सडकले नछोएको कच्ची) र सडकले छोएको कच्ची | रु १००० र रु १५०० | |
| १२. | टेलिफोन जडान सिफारिस | रू ५००/- | |
| १३. | मिलापत्र दुवै पक्षबाट | रू १५००/- प्रति पक्ष | |
| १४. | घर कायम सिफारिस | | |
| | क.पक्किघर कायम सिफारीस दस्तुर | रु. १००० रुपैयाँ | |
| | ख.कच्चि घर कायम सिफारिश दस्तुर | रु. ५०० रपैयाँ | |
| १५. | रकम असुलीको मिलापत्र कायम | | |
| | क.रकम खुलेकोमा प्रतिशतको आधारमा | रू ५ प्रतिशत | |
| | ख.रकम नखुलेकोमा | रु. २५०० रुपैयाँ | |
| १६. | बसोबास कायम | | |
| | क.स्थायी | रू ५००/- | |
| | ख.अस्थायी | रू ३००/- | |
| १७. | सर्जमिन मुचुल्का (नाम जन्म स्थान मिति ) | रू १०००/- | |

| | | | |
|---|---|---|---|
| १८. | संघ संस्था दर्ता /नविकरण सिफारिस | | |
| | क.दर्ता सिफारिस | रू २०००/- | |
| | ख.नविकरण सिफारिस | रू १०००/- | |
| १९. | नागरिकता सिफारिस | | |
| | क.अंगिकृत नागरिकता नयाँ | रू १०००/- | |
| | ख.नागरिकता प्रतिलिपि | रू ५००/- | |
| | ग.नागरिकता सिफारिस दस्तुर | रू ३००/- | |
| २०. | जग्गा दर्ता सिफारिस सबै वडाहरुमा कायम रहने गरी | रू १०००/- | |
| २१. | घरको ताला खुलाउने | रू ५००/- | |
| २२. | व्यवसाय वन्द तथा संचालन नभएको सिफारिस | रू १०००/- | |
| २३. | मोठ श्रेस्ता सिफारिस | रू ५००/- | |
| २४. | उद्योग नामसारी/ठाउँ सारी सिफारीस | रू १०००/- | |
| २५. | व्यवसायी नामसारी ठाउँ सारी सिफारिस दस्तुर | रू १०००/- | |
| २६. | पेन्सन नामसारी सिफारिस दस्तुर | | |
| | क.स्वदेश | रू १०००/- | |
| | ख.विदेश (भारत) | रू २०००/- | |
| | ग. विदेश ( ब्रिटिश) | रु ३०००। | |
| २७. | घर जग्गा नामसारी (सर्जमिन मुचुल्का गर्नु परेमा) | रु. ५००/- | |
| २८. | अमिन उपभोग दस्तुर सिफारिस | रू ५००/- | |
| २९. | निजि विद्यालय संचालन स्वीकृति सिफारिस | | |
| | आधारभुत विद्यालय | रू ५००/- | |
| | माध्यामिक विद्यालय | रू ७००/- | |
| ३०. | विद्युत जडान सिफारिस | | |
| | क. घर | रू ३००/- | |
| | ख. उद्योग | रू ५००/- | |
| ३१. | घर जग्गा मुल्यांकन | | |
| | क.घर जग्गा सम्पत्ति मुल्यांकन | ०.१ प्रतिशत | |
| ३२. | घडेरी प्लटिङ बाटो कायम सिफारिस | रू २०००/- | |
| ३३. | उद्योग दर्ता सिफारिस | | |
| | क.५ हर्स पावर सम्म | रू १५००/- | |
| | ख.१०हर्स पावर सम्म | रू २००० | |
| | ग.१५ हर्स पावर वा सो भन्दा माथि | रू ३०००/- | |

| | | | |
|---|---|---|---|
| ३४. | नेपाली भाषामा प्रमाणित सिफारिस | | |
| | क.जन्म मिति सिफारिस | रू ३००/- | |
| | ख.विवाहित /अविवाहित खुलेको सिफारिस | रू ३००/- | |
| | ग.ठेगाना /नाम /फरक /चाल चलन सिफारिस | रू ५००/ | |
| | घ.नखुलेको अन्य सिफारिस | रू ३००/- | |
| ३५. | अंग्रेजी भाषामा प्रमाणित सिफारिस | | |
| | क.जन्म मिति प्रमाणित | रु ५०० | |
| | ख.विवाहित /अविवाहित प्रमाणित | रू ५०० | |
| | ग.ठेगाना नाम फरक चाल चलन सिफारिस | रू ६०० | |
| | घ.जातजाति प्रमाणित | रू ५०० | |
| | ङ.नखुलेको अन्य सिफारिस | रू ५०० | |
| ३६. | नक्सापास दस्तुर | | |
| | क.नक्सा पास निवेदन फारमको रु | रू १००० | |
| | ख.भुई तला र पहिलो तलामा प्रति वर्ग फिट | रू १५ | |
| | ग.दोस्रो तला वा सो भन्दा माथि प्रति वर्ग फिट | रू १० | |
| ३७. | निशुल्क उपचार सिफारिस | निशुल्क | |
| ३८. | आर्थिक विपन्न सिफारिस | निशुल्क | |
| ३९. | नाता कायम सिफारिस | रू ५००/- | |
| ४०. | पारिवारिक विवरण सिफारिस | रू ६००/- | |
| ४१. | जिवित रहेको सिफारिस | रू ५००/- | |
| ४२. | नाबालक प्रमाणित सिफारिस | रू ५००/- | |
| ४३. | व्यक्तिगत सिफारिस | रू ५००/- | |
| ४४. | मिनि साउण्ड सिस्टम भाडा प्रति दिन | रू ५०/- | |
| ४५. | क.हल भाडा प्रति दिन ( ठूलो हल) | रू १०००/- | |
| | ख हल भाडा प्रति दिन(सानो हल) | रु ५०० | |
| ४६. | घुम्ति व्यापारी दैनिक प्रति दिन | | |
| | क.कपडा, त्रिपाल बेच्ने तथा बनाउने व्यापारी | रू २००/- | |
| | ख.प्रेसर कुकर बनाउने तथा साना साना सामानहरु बेच्ने। | रू १००/- | |
| | ग.किराना खाद्य तथा अन्य जुनसुकै किसिमका सामानहरु विक्री गर्ने। | रू २००/- | |
| ४७. | घुम्ति व्यापारी सवारी साधन प्रयोग गरी जुनसुकै किसिमका सामानहरु विक्री गर्ने हरु प्रति पटक | रू ५०० साना सवारी साधन रू ८०० ठुला सवारी साधन | |
| ४८. | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि दर्ता हुनेको | रू २००/- | ३५ दिन सम्म निशुल्क |
| ४९. | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | रू ५००/- | |

| | | | |
|---|---|---|---|
| ५०. | न्यायिक समिति | | |
| | क. उजुरी दर्ता | रू ५०० | |
| | ख. प्रतिवादीको जवाफ तथा लिखित उत्तर दर्ता | रू ५०० | |
| ५१. | बसाईसराइ सिफारिस | रु १०००। | |
| ५२. | विभिन्न व्यवसायी/ विभिन्न क्लवहरु /फर्म /कम्पनी/कन्सल्टेन्ट/ संस्थान वा अन्य सुचिकृत | ७००/- | |
| ५३. | बसाइसराइ गरी आउने सिफारिश | रु ५००। | |
| ५४. | निर्माण व्यवासायी सूचिकृत | २०००/- | |
| ५५. | कृषक समुह सुचिकृत | रु. २००/- | |
| ५६. | कृषक समुह समिति दर्ता नवीकरण | रु ५०० | |
| ५७. | महिला समुह वा समिति सुचिकृत | रु २०० | |
| ५८. | खानेपानि उपभोक्ता समिति वा विभिन्न समिति सुचिकृत | रु. ३००/- | |
| ५९. | दलित समूह वा समिति सूचीकृत | रु ५००। | |
| ६०. | विविध सुचिकृत | रु. ५००/- | |
| ६१. | जलस्रोत दर्ता तथा नविकरण | रु. ५००/- | |
| ६२. | विषय विशेषज्ञ दर्ता शुल्क | १०००/- | |
| ६३. | संस्थागत विद्यालयहरुको थप कक्षा अनुमति | १०००/- | |
| ६४. | पशु उपचार सेवा शुल्क दर विवरण | | |
| ६५. | क) गाई भैसी | उपचार सेवा शुल्क-रु ५, गोबर जाँच-५ | प्रति पशु |
| ६६. | ख) भेडा/बाख्रा/बंगुर/खरायो | उपचार सेवा शुल्क-रु ३,गोबर जाँच-५ | प्रति पशु |
| ६७. | ग) कुखुरा/हाँस/अन्य पंक्षी | उपचार सेवा शुल्क-रु १, गोबर जाँच-५ | प्रति पशु |
| ६८. | घ) कुकुर/बिरालो | उपचार सेवा शुल्क-रु १५, गोबर जाँच-५ | प्रति पशु |
| ६९. | ङ) घोडा/बाँदर/अन्य वन्यजन्तु | उपचार सेवा शुल्क-रु१५, गोबर जाँच-५ | प्रति पशु |
| ७०. | च) बहर/बोका/बंगुर खसी बनाउने | उपचार सेवा शुल्क-रु ५० | प्रति पशु |
| ७१. | आँखा सेवा शुल्क | | |
| | नयाँ बिरामी दर्ता | रु ५०। | |
| | पुरानो बिरामी दर्ता | रु ४० | १५ दिन पछि लाग्ने |
| | आकस्मिक सेवा | रु १५० | |
| | अन्य उपचार, औषधी र उपकरणको खर्च लाग्नेछ। | | |
| ७२ | पशु चौपाया किनबेच ब्यापारी | | |
| ७३ | ठूला चौपायाहरु प्रति गोटा | रु १००। | |

| | | | |
|---|---|---|---|
| ७४ | साना चौपायाहरु प्रति गोटा | रु ५०। | |
| ७५ | ऊन प्रति केजी | रु ५। | |
| ७६ | धातुजन्य मालसमान खरीद तथा बिक्री गर्ने घुम्ती ब्यापारी प्रतिदिन | रु ५०। | |
| ७७ | एम्बुलेन्स सेवा शुल्क एम्बुलेन्स सञ्चालन कार्यविधि २०७९, मा तोकिए बमोजिम लिन सकिनेछ। | | |
| ७८ | ल्याव सेवा शुल्कबापत् लाग्ने शुल्क | 1. Acetone/Urine ketone bodies test-50<br>2. Blood Grouping and Rh Typing-35<br>3. Semen Analysis- 200<br>4. Hemoglobin(HB)-35<br>5. Differential Leucocye Count- 35<br>6. Erytgrocyte Sedimentation Rate(ESR)-35<br>7. Total Leucocyte Count-35<br>8. Platelts Count- 35<br>9. Bleeding Time-25<br>10. Clotting Time-25<br>11. BT & CT-50<br>12. Rk-39(Kala-azar)- 300<br>13. Malaria Antegene Test-Free<br>14. Mantous Test-75<br>15. H.Pylori Ag. Test-500<br>16. H.Ployri Ab Test- Free<br>17. Blood Sugar(F/pp/R)-50<br>18. Urea-100<br>19. Creatinine-100<br>20. Calcium-250<br>21. Urice Acid-150<br>22. Amysase-350<br>23. Bilirubin-100<br>24. Troponin I-300<br>25. KOH Preparation for fungal study-80<br>26. HIV-RDT-Free<br>27. HBSAG-RDT-150<br>28. HCV-RDT-150<br>29. RPR/VDRL-100<br>30. Syphilis-200<br>31. RA-100<br>32. ASO-150<br>33. CRP-120 | |

| | | | |
|---|---|---|---|
| | | 34. Urine Preganancy Test-50<br>35. PMTCT-Free<br>36. Urine RE/ME-40<br>37. Stool RE/ME-40<br>38. Stool occult Blood-80<br>39. Widal-100<br>40. Scrub Typhus-free | |

सुनछहरी गाउँपालिका

## अनुसूची-११

**पर्यटन शुल्कः** नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुचि ८ बमोजिम आ.व. २०८१/०८२ मा प्रदेश कानुन बमोजिम पर्यटन शुल्क लाग्नेछ ।

सुनछहरी गाउँपालिका

## अनुसूची-१२

नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुचि ८ बमोजिम आ.व. २०८१/०८२ मा गाउँपालिका क्षेत्रमा लाग्ने कर छुट सम्बन्धि व्यवस्था सुनछहरी गाउँपालिकाको कानुन बमोजिम हुनेछ ।

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई तपसिल बमोजिमको दरमा कर छुट दिइने छ ।

- भुमि तथा मलपोतमा चालु आर्थिक वर्षको माघ मसान्त सम्म कर तिर्दा ५ प्रतिशत छुट दिन सकिनेछ ।

सुनछहरी गाउँपालिका

**अनूसूची-१३**

नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुचि ८ बमोजिम आ.व. २०८१/०८२ मा गाउँपालिका क्षेत्रमा लाग्ने कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः-यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि सुनछहरी गाउँपालिकाले तोके बमोजिम हुनेछ।

सुनछहरी गाउँपालिका